नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय,

**वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौँ ।

# फर्निचर ऐण्ड फिक्सचर्स ताथा ल्यापटप कम्प्यूटर खरिद सम्बन्धी छुट्टा छुट्टै सिलवन्दी दरभाउपत्र अह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७७/११/०८**

यस केन्द्रको लागि विभिन्न किसिमका फर्निचर एण्ड फिक्सचर्स तथा ल्यापटप कम्पूटर खरिद गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक सेवा प्रदायक व्यवसायीहरूले तपसिल बमोजिमको शर्त भित्र रही रीतपूर्वकको टुट्टा टुट्टै सिलवन्दी दरभाउपत्र पेश गर्न आहवान गरिएको छ । यो सूचना यस केन्द्रको सूचना पाटी तथा website www.frtc.gov.np मा समेत राखिएको छ ।

**<u>शर्तहरू</u>**

१. यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले दरभाउपत्र १५ औं दिनको कार्यालय समय भित्र खरिद गरी १६ औं दिनको १२ बजे भित्र यस केन्द्रमा दर्ता गरीसक्नु पर्नेछ । चालु आ.व. को फर्म नविकरण भएको इजाजतपत्र, मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि र सम्बन्धित पेसा वा व्यवसाय सम्बन्धी काममा कुनै सजाय नपाएको भनी लिखित रूपमा घोषणा गरेको पत्रसहित दरभाउपत्र पेश गर्नुपर्नेछ ।

२. उल्लेखित दरभाउपत्र खरिद गर्ने म्याद समाप्त भएको भोलीपल्ट दिनको २ बजे दरभाउपत्र दाता वा निजहरूको प्रतिनिधिहरूको रोहवरमा यस केन्द्रमा खोलिने छ । यदि दरभाउपत्र दाता वा निजको प्रतिनिधिहरू अनुपस्थित भएमा पनि बोलपत्र खोल्न कुनै वाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने, बुझाउने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा उक्त कार्यहरू क्रमशः सोको भोलिपल्ट हुनेछ ।

३. यस केन्द्रलाई आवश्यक पर्ने फर्निचर एण्ड फिक्सचर्सको Technical Specification दरभाउपत्रसाथ संलग्न गरिएको छ । संलग्न Technical Specification बमोजिम सेवाप्रदायक व्यवसायीले दरभाउपत्र फाराम भरी पेश गर्नुपर्नेछ ।

४. सिलवन्दी दरभाउपत्र राम्रोसँग सिल लगाएको र दरभाउपत्रको प्रत्येक पन्ना अध्ययन गरी भर्नुपर्ने व्यहोरा सम्पूर्ण भरी दस्तखत र सही छाप लगाएको हुनुपर्नेछ । सिलवन्दी फाराम यस कार्यालयबाट रू.१०००।- तिरी आर्थिक प्रशासन शाखाबाट खरिद गर्न सकिने छ ।दरभाउपत्रको प्रत्येक पानामा दस्तखत प्रमाणित भए नभएको रूजु गरी खरिद गर्नु पर्ने छ ।

५. सिलवन्दी दरभाउपत्र साथ लागत अनुमान रकमको (भ्याट बाहेक) को दुई देखि तीन प्रतिशतले हुन आउने रकम बराबर कम्तीमा ७५ दिनको म्याद भएको वाणिज्य बैंकहरूको जमानतपत्र (बैंक ग्यारेण्टी) वा आवश्यक धरौटी वापतको रकम कोष तथा लेखा नियन्त्रक कर्यालय, बबरमहलको धरौटी खाता नं. १२०१२००००१००२५२४ (अफिस कोड 329043501) मा जम्मा गरेको नेपाल राष्ट्र बैंकको सक्कलै भौचर पेश गर्नु पर्ने छ ।

६. बोलपत्र फाराममा दररेट भर्दा अङ्क र अक्षर दुवैमा भर्नु पर्ने छ ।अङ्क र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. ठेक्का सम्झौता स्वीकृत भएपछि ठेक्का सम्झौता गर्दा ठेक्का अङ्कको ५ प्रतिशतले हुन आउने रकम धरौटी खातामा जम्मा गरी वा वाणिज्य बैंकहरूको वैंक ग्यारेन्टी पेश गरी सम्झौता गर्न उपस्थित हुनपर्नेछ ।

८. सिलवन्दी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने सम्पूर्ण अधिकार यस केन्द्रमा निहित रहने छ । अन्य कुरा बुझ्नु परेमा यस केन्द्रमा सम्पर्क गर्न सकिने छ ।

९. माथि उल्लेख नभएका अन्य कुराहरूको हकमा नेपाल सरकारको प्रचलित ऐन, नियमानुसार हुनेछ ।

| सि.नं. | ठेक्का नं. | खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण छोटकरी विवरण | ठेक्का दस्तुर | लागत अनुमान |
|---|---|---|---|---|
| १ | ७ | फर्निचर एण्ड फिक्सचर्स (दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेसिफिकेशन तथा संख्या बमोजिम) | १०००।- (फिर्ता नहुने) | ९,७७,४१७।-(मू.अ.कर समेत) |
| २ | ८ | ल्यापटप कम्प्यूटर (दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेसिफिकेशन तथा संख्या बमोजिम) | १०००।- (फिर्ता नहुने) | ७,९८,५००।-(मू.अ.कर समेत) |

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

**वन अनुसनधान तथा प्रशिक्षण केन्द्र**

बबरमहल, काठमाडौं

**फर्निचर ऐण्ड फिक्सचर्स तथा ल्यापटप कम्पूटर खरिद सम्बन्धी छुट्टा छुट्टै सिलवन्दी दरभाउपत्र आहवानको सूचना ।**

(प्रथम पटक प्रकाशित मितिः २०७७/११/०८)

यस केन्द्रको लागि विभिन्न किसिमका फर्निचर एण्ड फिक्सचर्स तथा ल्यापटप कम्प्यूटर खरिद गर्नुपर्ने भएको हुँदा सो सम्बन्धी शर्त सहितको विस्तृत सूचना यस केन्द्रको सूचना पाटीमा टाँस गरी केन्द्रको Website:www.frtc.gov.np मा समेत राखीएको छ । विस्तृत सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रही रितपूर्वकको छुट्टा छुट्टै सिलवन्दी दरभाउपत्र आहवान गरिन्छ ।

| **सि.नं.** | **ठेक्का नं.** | **खरिद गर्नुपर्ने उपकरणहरूको छोटकरी विवरण** | **दरभाउपत्र दस्तुर** | **लागत अनुमान.** |
|---|---|---|---|---|
| १ | ७ | फर्निचर एण्ड फिक्सचर्स (दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेसिफिकेशन बमोजिम) | १०००।- (फिर्ता नहुने) | ९,७७,४१७।- (मृ.अ.कर समेत) |
| २ | ८ | ल्यापटप कम्प्यूटर (दरभाउपत्र सम्बन्धि कागजातमा उल्लेख भएको स्पेसिफिकेशन तथा संख्या बमोजिम) | १०००।- (फिर्ता नहुने) | ७,९८,५००।- (मृ.अ.कर समेत) |